सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED

ज्योति
पन्ध्रौ वार्षिक
प्रथम पटक प्रकाशित

## CHILIME HYDROPOWER COMPANY LIMITED

Maharajgung, Kapanmarga, Kathmandu

### Unaudited Financial Position as on 30th Poush 2079 (January 14, 2023)

(Rs.'000')

| Particulars | 2079.09.30 (14.01.2023) | 2079.06.31 (17.10.2022) | 2078.09.30 (14.01.2022) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 1,656,869.76 | 1,671,862.51 | 1,706,051.42 |
| Capital Work in Progress | 534,238.32 | 439,480.14 | 268,848.19 |
| Investment in Associates | 5,954,465.90 | 5,954,465.90 | 5,954,465.90 |
| **Total Non-Current Assets** | **8,145,573.98** | **8,065,808.55** | **7,929,365.51** |
| **Current Assets** | | | |
| Inventory | 159,441.73 | 159,713.41 | 156,743.63 |
| Prepaid Insurance | 2,342.72 | 1,285.94 | 3,401.53 |
| Advances, Deposits and Other Receivables | 229,408.14 | 157,117.86 | 191,012.31 |
| Trade Receivables | 178,273.40 | 114,526.04 | 162,819.21 |
| Investment in Term Deposits | 2,421,610.81 | 2,578,605.32 | 2,492,701.57 |
| Cash and Cash Equivalents | 15,197.84 | 89,230.19 | 23,080.33 |
| **Total Current Assets** | **3,006,274.64** | **3,100,478.76** | **3,029,758.58** |
| **Total Assets** | **11,151,848.62** | **11,166,287.31** | **10,959,124.09** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 7,258,179.28 | 6,751,794.68 | 6,751,794.68 |
| Retained Earnings | 3,004,043.16 | 3,832,679.15 | 3,279,126.97 |
| **Total Equity** | **10,262,222.44** | **10,584,473.83** | **10,030,921.65** |
| **Non-Current Liabilities** | | | |
| Defined Benefit Obligation | 142,804.91 | 142,804.91 | 120,584.14 |
| Deferred Tax Liabilities | 163,734.71 | 163,734.71 | 169,798.53 |
| **Total Non-Current Liabilities** | **306,539.62** | **306,539.62** | **290,382.67** |
| **Current Liabilities** | | | |
| Provisions | 336,354.53 | 59,025.14 | 434,288.04 |
| Corporate Social Responsibility | 21,101.35 | 19,216.42 | 14,875.96 |
| Trade and Other Payables | 121,007.82 | 142,620.29 | 82,641.94 |
| Tax Liabilities | 104,622.85 | 54,412.01 | 106,013.83 |
| **Total Current Liabilities** | **583,086.55** | **275,273.86** | **637,819.77** |
| **Total Equity and Liabilities** | **11,151,848.62** | **11,166,287.31** | **10,959,124.09** |

### Unaudited Profit & Loss Accounts from 1st Shrwan to 30th Poush 2079 (17th July 2022 to 14th January 2023)

Rs.'000')

| Particulars | FY 2079/080 (Up to Poush) (2022/023) | FY 2079/080 (Up to Aswin) (2022/023) | FY 2078/079 (Up to Poush) (2021/022) |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from Sale of Electricity | 636,559.56 | 355,838.71 | 624,894.16 |
| **Expenses** | | | |
| Hydro Electric Plant Operating Expenses | (67,747.51) | (29,518.95) | (44,481.10) |
| Royalty | (85,755.96) | (57,683.87) | (84,588.31) |
| Administrative Expenses | (38,260.71) | (22,907.46) | (33,750.59) |
| Depreciation | (34,849.41) | (17,399.40) | (35,998.12) |
| **Operating Profit/ (Loss)** | **409,945.97** | **228,329.03** | **426,076.04** |
| Finance Income | 98,471.11 | 39,181.50 | 91,299.21 |
| Other Income | 49.35 | 27.82 | 14 |
| **Profit / (Loss) before Tax and Bonus** | **508,466.43** | **267,538.35** | **517,389.25** |
| Employee Bonus | (9,969.93) | (5,245.85) | (10,144.89) |
| **Profit/ (Loss) before Tax** | **498,496.50** | **262,292.50** | **507,244.36** |
| **Less: Tax** | | | |
| Current Tax | (104,622.85) | (54,412.01) | (106,013.83) |
| **Net Profit/ (Loss) for the Year** | **393,873.64** | **207,880.49** | **401,230.53** |
| 1% CSR Provision | (3,938.74) | (2,078.80) | (3,924.45) |
| **Total** | **389,934.91** | **205,801.69** | **397,306.08** |

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०७९/०८० दोस्रो त्रैमासिक प्रतिवेदन ।

**१. वित्तिय विवरण :**

(क) दोस्रो त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरु यसै साथ सम्लग्न गरिएको छ ।

(ख) प्रमुख वितिय सूचकहरु :

| विवरण | आ.व. २०७९/०८० दोस्रो त्रैमासिक (पौष मसान्तसम्म) | आ.व. २०७९/०८० प्रथम त्रैमासिक (आश्विन सान्तसम्म) | कैफियत |
|---|---|---|---|
| प्रतिसेयर आम्दानी (रु) | १०.७४ | ११.७७ | वार्षिकिकरण गरिएको |
| P/E Ratio | ४१.३२ | ४१.४७ | वार्षिकिकरण गरिएको |
| प्रति सेयर नेटवर्थ (रु) | १४१.३९ | १४८.५७ | |
| प्रतिसेयर कुल सम्पत्तिको मूल्य रु) | १५३.६५ | १६२.३१ | |
| तरलता अनुपात | ५.१६ | ४.७५ | |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) गत आ.व. २०७८/०७९ को अनुपातमा यस आ.व. २०७९/०८० को पौष मसान्तसम्मको विद्युत विक्री रु १ करोड १६ लाख ६५ हजार अर्थात १.८७ % ले वृद्धि हुन गएको छ । नेपाल विद्युत प्राधिकरणले आवश्यकता अनुसार अधिक विद्युत उर्जा खरिद गर्ने र यस अवधिमा गत आ.व. पौष मसान्तसम्मको तुलनामा उच्च अतिरिक्त विद्युत उर्जा खरिद भएकोले विद्युत विक्री आम्दानि वृद्धि हुन गएको छ । गत आ.व.को यसै अवधिको तुलनामा यस आ.व. मा बैक मौज्दात बढ्न जाँदा र व्याज दरमा पनि केही सुधार भएकोले व्याज आम्दानीतर्फ रु ७१ लाख ७१ हजार अर्थात ७.८६% ले बृद्धि हुन गएको छ । हालको नगद मौज्दातलाई लाभांश दिन, नयाँ आयोजनाको पहिचान एवं विकास, अध्ययन, चिलिमे कर्पोरेट भवन निर्माण, कार्यालय सञ्चालनार्थ लगायतका कामहरुका लागि उपयोग गर्दै लगिने छ । मिति २०७९ साल पुस २२ गतेको २६ औं वार्षिक साधारण सभाले पारित गरे बमोजिमको ७.५% नगद लाभांश रकम भुक्तानी नभैसकेकोले व्यवस्था (Provision) मा देखाउँदा यस शिर्षकमा दायित्व वृद्धि हुन गएको छ । यो प्रतिवेदन तयार गर्दाका वखत भने उक्त रकम शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत शेयरधनीको खातामा पठाइ सकिएको छ ।

(ख) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकुल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सदा रहिरहने ।

**३. कानूनी कारवाही सम्वन्धी विवरण :**

यस अन्तर्गत कुनै कैफियत नरहेको ।

**४. संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :**

(क) सेयरको वजार मुल्यमा असाधरण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरु भएका छैनन् । संस्थाले अपेक्षित नाफा आर्जन गर्न सफल भएको र आगामी दिनमा अझ बढी सफलता हासिल गर्ने कुरामा व्यबस्थापन पक्ष विश्वस्त रही सम्वन्धित लगानीकर्ताहरुलाई पनि विश्वस्त गराउन चाहन्छ ।

(ख) मिति २०७९/०९/२२ गतेको २६औं वर्षिक साधारण सभाले पारित गरे बमोजिम साधारण सभा भएको मितिमा सेयरधनी दर्ता कितावमा नाम दर्ता रहेका सेयरधनीहरुले पाउने गरी कम्पनीको चुक्ता पूँजीको ७.५ प्रतिशत नगद लाभांश तथा मुनाफा रकमबाट चुक्ता पूँजीको ७.५ प्रतिशत वोनश सेयर वितरण गर्ने प्रस्ताव पारित भए अनुसार सेयरधनीलाई घोषित प्रतिफल वितरण गर्ने कार्य जारी छ । वोनश सेयरलाई पूँजिकरण गरी वासलातमा देखाइएको छ । वोनश शेयर वितरणका लागि सम्वन्धित सेयरधनीको डिम्याट खातामा जम्मा गरिदिने योजना अनुरुप काम भई रहेको छ । वोनश सेयर डिम्याट गराउन नसकेका सेयरधनीहरुको हकमा सेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत अभौतिकीकरण गराउन उच्चतम प्रयास भैरहेको छ । हालसम्म पनि आफ्नो शेयर अभौतिकीकरण गराउन छुटेका शेयरधनीलाई यथाशिघ्र अभौतिकीकरण गराउन यसै प्रतिवेदन मार्फत अनुरोध पनि गरिन्छ ।

(ग) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण :

| सेयरको अधिकतम मुल्य (रू.) | सेयरको न्यूनतम मुल्य (रू.) | सेयरकोअन्तिम मुल्य (रू.) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ४४४ | ३५० | ४१५ | ५२ | ५८८९ |

**५. समस्या र चुनौती :**

यस कम्पनीको अगुवाइमा स्थापना भएका जलविद्यतु कम्पनीहरु मार्फत प्रवर्द्धित कुल २७०.३ मेगावाट क्षमताका चार वटा जलविद्युत आयोजनाहरु निर्माणको अन्तिम चरणमा रहेका छन् । उक्त आयोजनाहरुको निर्धारित निर्माण तालिका अनुसार निर्माण सम्पन्न गराउनु मुख्य चुनौती रहेको छ भने पुर्वानुमान भन्दा वाहिर हुने दैवी प्रकोपको सामाना गर्नु पर्ने चुनौती भने सदा रहिरहने छ ।

त्यस्तै गरी हाल यस कम्पनीले संभाव्यता अध्ययनका लागि अनुमति प्राप्त गरेका सेतिनदी-३ अर्धजलासययुक्त जलविद्युत आयोजना (८७ मेगावाट), बुढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा), बुढीगण्डकी जलविद्युत आयोजना (९१ मेवा) र स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) काठमाडौदेखि टाढा रहेका र आयोजना स्थल कम्पनीको लागि नयाँ भएको कारण संभाव्यता अध्ययन पुरा गरी निर्माण सम्पन्न गर्नु पनि कम्पनीको लागि चुनौती पूर्ण नै रहेको छ । उल्लेखित जलविद्युत आयोजनाको संभाव्यता लगायतका अध्ययनहरु भने यस कम्पनीको सहायक कम्पनीको रुपमा स्थापित चिलिमे ईन्जिनियरिङ एण्ड सर्भिसेज कम्पनी लि. बाट भैरहेको छ ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९, भुकम्प, नाकावन्दी, प्राकृतिक प्रकोप, ठेकेदारको काममा ढिलासुस्ति लगायतका विभिन्न समस्याले गर्दा निर्माणाधिन जलविद्युत आयोजनाका विभिन्न कामहरु अपेक्षित गतिमा सम्पन्न हुन नसक्दा निर्माण सम्पन्न हुने मिति लम्विदै गएको छ । चारवटै जलविद्युत आयोजनाहरु आउँदो असारसम्म सम्पन्न गर्ने लक्ष्यका साथ अधुरा कामहरु तदारुकताका साथ अगाडि बढाइएको छ ।

**६. संस्थागत सुशासन :**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम/विनियमावलीहरु सञ्चालक समितिबाट स्वीकृत गराई लागु गरिएको छ । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, खरिद मुल्याङ्कन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरुको गठन गर्ने गरिएको छ । आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ । संस्थागत विकास एवं सुदृढिकरण अन्तरगत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरु जस्ता विषयलाई पनि प्राथमिकता दिने गरिएको छ ।

**७. प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घघोष गर्दछु की मैले जाने वुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानी कर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।